आज मिति २०७७/०२/१८ गते आइतबारका दिन मिथिला नगरपालिकाका प्रमुख श्री हरि नारायण महतोज्युको अध्यक्षतामा उप-प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिकाका सदस्यज्युहरुको निम्न अनुसारको उपस्थितिमा कार्यपालिकाको बैठक बसी नेपालको संबिधानको धारा २१४ तथा स्थानिय सरकार संचालन ऐन २०७४ को क्षेत्राधिकार भित्र रहि तपसिल बमोजिमका निर्णयहरु गरियो।

## उपस्थिति

| क्र. सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री हरि नारायण महतो | नगर प्रमुख | |
| २ | श्री तारा कुमारी बस्नेत | उप - प्रमुख | |
| ३ | श्री लक्ष्मी महतो | वडा अध्यक्ष, वडा नं. १ | |
| ४ | श्री विहारी महतो | वडा अध्यक्ष, वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष, वडा नं. ३ | |
| ६ | श्री बिष्णुहरि खदाल | वडा अध्यक्ष, वडा नं. ४ | |
| ७ | श्री श्यामबाबु यादव | वडा अध्यक्ष, वडा नं. ५ | |
| ८ | श्री भक्त बहादुर बलम्पाकी | वडा अध्यक्ष, वडा नं. ६ | |
| ९ | श्री रामु साह तेली | वडा अध्यक्ष, वडा नं. ७ | |
| १० | श्री देव नारायण महतो | वडा अध्यक्ष, वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष, वडा नं. ९ | |
| १२ | श्री सविन बिक्रम थापा | वडा अध्यक्ष, वडा नं. १० | |
| १३ | श्री बेद बहादुर कार्की | वडा अध्यक्ष, वडा नं. ११ | |
| १४ | श्री राजदेव ठाकुर | कार्यपालिका सदस्य | |
| १५ | श्री गुलाब ठाकुर | कार्यपालिका सदस्य | |
| १६ | श्री देवी बहादुर तोंलागे | कार्यपालिका सदस्य | |
| १७ | श्री ठेट कुमारी दहाल | कार्यपालिका सदस्य | |
| १८ | श्री अनिता परियार | कार्यपालिका सदस्य | अनिता |
| १९ | श्री जहरी देवी | कार्यपालिका सदस्य | |
| २० | श्री सीता भित्रीकोटी | कार्यपालिका सदस्य | |
| २१ | श्री रेणु हेन्जन | कार्यपालिका सदस्य | |
| २२ | श्री रचिन्द्र डंगोल | प्रमुख प्रशासकीय अधिकृत | |
| २३ | श्री दिपेश कुमार काफ्ले | सहयोगी कर्मचारी (अधिकृत) | |

## मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

### मिति २०७७०२।१८

**बैठकका प्रस्तावहरु :**

प्रस्ताव नं.१) यस मिथिला नगरपालिका वडा नं. ११ स्थित श्री मा.वि., तुलसी चौडामा कक्षा नर्सरी देखि कक्षा ५ सम्म अंग्रेजी माध्यमबाट पठन पाठन गराउनका लागि नियुक्ति भएका ६ जना शिक्षकहरुको २०७६ श्रावण देखि २०७७ आषाढ मसान्तसम्मको तलव भुक्तानी गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.२) "बेटी पढाउ, बेटी बचाउ" कार्यक्रममा भएको अतिरिक्त खर्च भुक्तानी गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.३) औषधी उपचारको लागि आर्थिक सहयोग पांउ भनी प्राप्त भएको निवेदनहरु सम्बन्धमा ।

प्रस्ताव नं.४) जय बजरङ्ग वालुवा प्रशोधन केन्द्रको बैंक जमानत रोक्का राख्ने सम्बन्धमा ।

प्रस्ताव नं.५) बेरुजु रकम फछ्र्यौट गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.६) एक वर्ष अवधि नाघेका धरौटी रकम फिर्ता गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.७) ईलाका प्रहरी कार्यालय, ढल्केवरबाट कार्यालय मर्मत सम्भार र व्यारेक व्यवस्थापनमा आवश्यक सहयोगको लागि अनुरोध भएको सम्बन्धमा ।

**बैठकका निर्णयहरु :**

निर्णय नं.१) प्रस्ताव नं.१ मा छलफल गर्दा यस मिथिला नगरपालिका वडा नं. ११ स्थित श्री मा.वि., तुलसी चौडामा कक्षा नर्सरी देखि कक्षा ५ सम्म अंग्रेजी माध्यमबाट पठन पाठन गराउनका लागि नियुक्ति भएका ६ जना शिक्षकहरुको २०७६ श्रावण देखि २०७७ आषाढ मसान्तसम्मको तलव भुक्तानी गर्न उक्त विद्यालयबाट पेश भएको विवरण बमोजिम आवश्यक पर्ने जम्मा रु.८,००,०००।- (अक्षरुपी सात लाख त्रीयानब्बे हजार मात्र) र वडा नं.१ गितापुर, शिवनगर स्थित श्री आधारभुत विद्यालयलाई शिक्षकहरुको तलव भुक्तानी गर्न रु.२,००,०००।- (अक्षरुपी दुई लाख मात्र) यस नगरपालिकाको आन्तरिक स्रोत चालु खर्च शिर्षक (नगर शिक्षा) मा विनियोजित भएको रकम मध्येबाट नगर शिक्षा समितिबाट आवश्यक निर्णय गराई सोही बमोजिम उक्त विद्यालयलाई निकासा गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.२) प्रस्ताव नं.२ मा छलफल गर्दा "बेटी पढाउ, बेटी बचाउ" कार्यक्रममा विनियोजित भएको रु.५०,०००।- बराबरको नियमानुसार पेश्कि फछ्र्यौट गरी अतिरिक्त खर्च भएको रु.२८०४०।- (अठाईस हजार चालीस मात्र) यस न.पा.को विविध शिर्षकबाट खर्च लेख्ने निर्णय पारित गरियो ।

निर्णय नं.३) प्रस्ताव नं.३ मा छलफल गर्दा औषधी उपचारको लागि आर्थिक सहयोग पांउ भनी यस न.पा.मा निवेदनहरु प्राप्त भएकोमा निम्नानुसार आर्थिक सहायता प्रदान गर्ने निर्णय पारित गरियो ।

१) वडा नं.६ बस्ने श्री रामजी तामाङ्गलाई जनकपुर सीटि अस्पतालमा उपचार गराउन रु.१०,०००।- उपलब्ध गराउने ।

२) वडा नं.६ बस्ने श्री पानमाया तामाङ्गलाई मुटु सम्बन्धी रोगको उपचारको लागि रु.१०,०००।- उपलब्ध गराउने ।

३) वडा नं. १० बस्ने श्री मिरावल श्रेष्ठको कान्छा छोरा प्रभाष श्रेष्ठलाई विगत २ महिनादेखि मृगौला सम्बन्धी रोगको काठमाडौंमा उपचारत रहेकोले रु.२०,०००।- उपलब्ध गराउने ।

निर्णय नं.४) प्रस्ताव नं.४ मा छलफल गर्दा जय बजरङ्ग वालुवा प्रशोधन केन्द्रले यस न.पा.संग भएको सम्झौता बमोजिमको दोस्रो किस्ता २०७७ बैशाख मसान्तसम्ममा दाखिला गरिसक्नु पर्नेमा हालसम्म दाखिला नगरेको हुंदा उक्त जय बजरङ्ग वालुवा प्रशोधन केन्दलाई २०७७ जेठ २५ भित्र उक्त बांकी रकम दाखिला गर्नुहुन लेखि पठाउने र उक्त अवधिभित्र रकम दाखिला नगरेमा निजको बैंक जमानत रोक्का गर्ने वा बैंक जमानतको रकमबाट असुल उपर गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.५) प्रस्ताव नं.५ मा छलफल गर्दा यस मिथिला नगर कार्यपालिकाको आ.व. २०७५।०७६ को आन्तिम ले.प.को प्रारम्भिक प्रतिवेदनमा औंल्याइएको बेरुजुहरुमध्ये नेपाल सरकार, प्रदेश सरकार तथा अन्य निकायहरुलाई फिर्ता गर्नुपर्ने भनी लेखिएका रकमहरु सम्बन्धित निकायहरुमा नियमानुसार रकम फिर्ता गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.६) प्रस्ताव नं.६ मा छलफल गर्दा यस न.पा.मा लेखासंग सम्बन्धित कर्मचारीको अभावमा समयमै फिर्ता गर्न नसकिएर एक वर्ष अवधि नाघेका धरौटी रकम निवेदकको माग बमोजिम नियमानुसार फिर्ता गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.७) प्रस्ताव नं.७ मा छलफल गर्दा ईलाका प्रहरी कार्यालय, ढल्केवरबाट कार्यालय मर्मत सम्भार र व्यारेक व्यवस्थापनमा आवश्यक सहयोगको लागि अनुरोध भएकोमा हाललाई कर्मचारी सुत्ने ब्यारेक र कार्यालयको छतमा पानी चुहावत रोकथाम गर्न त्रिपाल (१८x१२) फिटको अन्दाजी २० वटा इलाका प्रहरी मार्फत खरिद गराई सो वापतको बिल भर्पाइ बमोजिमको रकम यस न.पा.बाट भुक्तानी गर्ने निर्णय पारित गरियो ।